# नेपाल चीन व्यापार घाटा कम गर्न सुझाव

■ अभियान संवाददाता




वैशाख १४, ललितपुर । नेपाल चीनबीचको व्यापार घाटालाई कम गर्न थाङ्का, हस्तकला, फलफूललगायत कृषिउपज र वास्तुकलाका सामग्रीको निर्यात बढाउनुपर्ने विज्ञहरूले बताएका छन् । राजधानीमा साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोमेण्ट ( सावती) ले बिहीवार आयोजना गरेको कार्यक्रममा चीनका लागि नेपालका पूर्वराजदूत टङ्क कार्कीले ती वस्तुहरूको निर्यात बढाउन सके व्यापार घाटा कम हुने बताएका हुन् ।

चीनमा ५० करोड बुद्ध धर्मावलम्वी भएकाले बुद्ध धर्मसम्बन्धी सामग्रीको पनि ठूलो बजार रहेको उनले बताए । साथै, सन् २०१४ सम्म ल्हासादेखि चीनकै सिगात्सेसम्म रेल सेवा सञ्चालन गर्ने भएको छ । सो सेवा सन् २०२० सम्म नेपालको सीमासम्म जोड्ने योजना रहेको जानकारी दिँदै उनले भने, 'त्यसले व्यापार गर्न अझ सजिलो हुने भएकाले सोबाट फाइदा लिनका लागि नेपालले विभिन्न रणनीति बनाएर अघि बढ्नुपर्छ ।' कार्यक्रममा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव इन्द्रप्रसाद उपाध्यायले चीनबाट तिब्बत आउनुभन्दा नेपालबाट तिब्बत जान नजिक पर्ने हुनाले त्यसतर्फ व्यापार बढाउन सकिने बताए । 'कम यातायात लागतमा तिब्बतमा सजिलै सामान पुऱ्याउन सकिन्छ,' उनको भनाइ छ । कार्यक्रममा नेपाल राष्ट्र बैङ्कका पूर्वनिर्देशक टुलराज बस्यालले नेपाल-चीन व्यापार विषयमा गरिएको अध्ययनको कार्यपत्र प्रस्तुत गरेका थिए । नेपाल र चीनबीचको व्यापार घाटा कम गर्न यातायात, भन्सार क्षमता, प्रशासनिक प्रक्रिया, ऋणको अभाव, सुख्खा बन्दरगाह नुहुनु, बैङ्किङ असुविधा, भाषागत समस्या विद्यमान रहेको उनले बताए । कार्यक्रममा नेपाल चीन चेम्बर्स अफ कमर्शका उपाध्यक्ष पञ्चरत्न शाक्य र सावतीका अध्यक्ष पोषराज पाण्डेले पनि नेपाल चीन व्यापार घाटा कम गर्न सुझाव दिएका थिए ।